म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९७ आइतबार २६ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 12 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हार्दिक शुभकामना

२०८० सालका शुभ दीपावली, नेपाल सम्वत्, छठ पर्व तथा तुलसी विवाहसमेतको शुभ उपलक्ष्यमा सम्पूर्ण पाठकवृन्द, विज्ञापनदाता, शुभेच्छुक र बिक्रेताहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायूका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*साथै, तिहार बिदाका कारण साझाकुराको अर्को अंक मंसिर २ गते प्रकाशित हुने जानकारी गराउँदछौं ।*

सरला खनाल (सम्पादक) एवम्
साझाकुरा *राष्ट्रिय दैनिक, परिवार*
हेटौंडा-१, चौकीटोल

# झिलिमिलिको पर्व तिहार सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ फूलैफूलै र झिलिमिलिको पर्व तिहार (दीपावली) सुरु भएको छ । प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने नेपाली हिन्दूहरुको दोस्रो ठूलो चाड यमपञ्चकअर्थात् तिहार शनिवार बाट सुरु भएको छ ।

तिहार सुरु भएसँगै हेटौंडा बजारमा सर्वसाधारणको बाक्लो भीड छ । शुक्रबारदेखि तिहारको किनमेलले सर्वसाधारणको भीड बढेको व्यवसायीहरुले बताएका छन् । हेटौंडा उपमहानगर पालिकाको अधिकांश वडाहरुमा सयपत्री फूलले पँहेलपूर बनेका खेतबारीले तिहार लागेको अनुभूति गराउँदछ । सयपत्री फूलको सुगन्धले चाडपर्वको माहोललाई थप उल्लासमय बनाएको छ ।



१२ महिना फूल्ने भएपनि तिहारमा सयपत्री फूलको विशेष महत्व रहने गर्छ । तिहारमा पूजाआजा गर्न, घर सजावट गर्न र भाइटीकामा दाजुभाइका लागि माला बनाउन सयपत्री फूलको प्रयोग हुने गर्दछ । सौन्दर्य र सुगन्धित सयपत्री फूलका अनेकन विशेषता छन् । पारिलो घाम लाग्ने ठाउँमा राम्रोसँग फल्ने सयपत्री फूल रोपेको ८० देखि ९० दिनमा फुल्ने गर्छ । मकवानपुरमा ढकमक्क फूलेका सयपत्री फूलहरुले तिहारलाई स्वागत गरिरहेको छ । तिहारमा सयपत्रीसँगै मखमली फूलको पनि उतिकै महत्व छ । भाइटीकामा मखमली फूलको माला अनिवार्य लगाउनुपर्ने विश्वास रहँदै आएको छ ।

उज्यालोको पर्व तिहारमा यमपञ्चकको पहिलो दिन काग तिहार परेको छ । काग तिहारको दिनमा हरेक घरको पर्खाल, आँगन र बर्लदीहरुमा घरमा पाकेको खाने कुरा दाल, भात, तरकारी अचार लगायत राखेर कागलाई बोलाउने गरिन्छ । नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष श्रीकृष्ण अधिकारीले कार्तिक कृष्ण त्रयोदशीमा सूर्योदय भएका दिन काग तिहार मनाउने भएकाले शनिवारदेखि यमपञ्चक सुरु भएको बताए ।

उनका अनुसार सायम्कालमा त्रयोदशी भएका दिन यमदीप दान सुरु गर्नुपर्ने र प्रात: कालमा त्रयोदशी भएका दिन काग तिहार मनाउनुपर्ने शास्त्रीय व्यवस्थाअनुसार यस्तो निर्णय गरिएको थियो । यमपञ्चकका अवसरमा यमदीप दान गरे यमयातनाबाट मुक्ति पाइने शास्त्रीय मान्यता छ । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात भाइटीकाका दिनसम्म यमदीप दान गर्ने शास्त्रीय विधि छ । यसैगरी धनवन्तरी जयन्ती र धनतेरस पर्व पनि शनिवार नै परेको थियो । तिथिको घटबढका कारण आज आइतबार कुकुर तिहार र लक्ष्मीपूजा एकैदिन परेको समितिले जनाएको छ ।

कात्तिक २६ गते आइतबार अरुणोदयकालमा नरकस्नान (नर्के नुहाउने) गरेर बिहान कुकुर तिहार पर्व मनाइन्छ । घरमा पालेको र सडकमा हिँडेका कुकुरलाई खान दिएर फूल लगाइदिने नेपाली समाजमा प्रचलन छ । आज बेलुकी लक्ष्मीपूजा गर्नुपर्नेछ । तिहारमा भाइटीकापछि दोस्रो महत्वपूर्ण दिनको रुपमा लक्ष्मीपूजालाई लिने गरिन्छ । गाईपूजा कात्तिक २७ गते सोमबार परेको छ । गोरुपूजा, हलतिहार, गोवर्द्धनपूजा, बलीपूजा र आत्म (म्ह) पूजा कात्तिक २८ गते मंगलबार परेको छ ।

कार्तिक शुक्ल प्रतिपदाका दिन गाई, गोरु, गोवर्द्धन र आत्म (म्ह) पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँवर्ष मनाउनुपर्ने शास्त्रीय वचनअनुसार नेपाल संवत ११४४ पनि यसै दिनदेखि सुरु हुन्छ । यस वर्षको भाइटीकाको उत्तम साइत कात्तिक २९ गते बुधबार बिहान १०:५१ बजे रहेको समितिले जनाएको छ । सर्वसाधारणका लागि मध्यान्हकालमा टीका लगाउनु पनि शास्त्रसम्मत नै हुने समितिले जनाएको छ । राज्य सञ्चालकले भने साइतमा टीका लगाउनु पनि शास्त्रसम्मत नै हुने समितिले जनाएको छ । भाइपूजा र नेवारी भाषामा किजापूजा कात्तिक २९ गते नै गरिन्छ ।

# मकवानपुरलाई नमूना बनाउने नेपाल टेलिकमको घोषणा

साझाकुरा संवाददाता




हेटौंडा, २५ कात्तिक/ नेपाल टेलिकमले मकवानपुर सहित १९ जिल्लालाई नमूना दूरसञ्चारयुक्त जिल्ला बनाउने घोषणा गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको निर्देशनमा नेपाल टेलिकमले चालु आर्थिक वर्षको कार्यक्रममा नमूना जिल्ला कार्यक्रम तय गरेको हो ।

शुक्रबार टेलिकमले नमूना सेवा दिइने जिल्लाको सूची सार्वजनिक गरेको छ । प्रदेश राजधानी रहेका जिल्लासहित हरेक प्रदेशबाट कम्तिमा दुई जिल्ला समेटिने गरी नमूना जिल्ला कायम गर्ने घोषणा नेपाल टेलिकमले गरेको छ । मकवानपुर, भूकम्प प्रभावित जाजरकोट र रुकुमपश्चिम, खोटाङ, मोरङ, उदयपुर, धनुषा, र ौतहट, सिन्धुली, कास्की, गोरखा, दाङ, गुल्मी, सुर्खेत, जुम्ला, कैलाली, बाजुरा, बर्दिया र रोल्पा रहेका छन् ।

टेलिकमले अत्याधुनिक प्रविधिको प्रयोग गरेर निरन्तर मागबमोजिम गुणस्तरीय सेवा उपलब्ध गराई नमूना जिल्ला कायम गर्न थालेको टेलिकमले जनाएको छ । टेलिकमका प्रवक्ता शोभन अधिकारीद्वारा जारी विज्ञप्तीमा ती जिल्लाका सबै वस्ती, राजमार्ग, पर्यटकीय तथा धार्मिकस्थलमा गुणस्तरीय दूरसञ्चार सेवा प्राविधिकरुपमा सम्भव भएसम्म उपलब्ध गराउने उल्लेख छ ।

हाल सेवाका दृष्ट्रिबाट नमूनाको रुपमा कायम गरिने जिल्लामा आवश्यकता बमोजिम तत्काल थप पूर्वाधार तथा उपकरण विस्तार स्ट्यान्डर्ड सेट्स तथा सेवाहरु कायम हुनेगरी नेटवर्क स्थापित गरिने टेलिकमले जनाएको छ । यी जिल्लामा निरन्तर गुणस्तरीय सेवा उपलब्धताका लागि प्राविधिक तथा भौगोलिक दृष्टिकोणले सम्भव भएसम्म नवीन प्रविधि र नेटवर्क पूर्वाधार तय गरिने विज्ञप्तीमा उल्लेख छ ।

जिल्लामा औसत ९० प्रतिशतभन्दा बढी मानववस्तीमा गुणस्तरीय मोवाइलका साथै एनटी फाइवर सेवा उपलब्ध गराइने पनि टेलिकमले जनाएको छ । सबैतिर तोकिएकै गुणस्तर र गतिमा सेवाको उपलब्धता कायम गर्न अतिरिक्त योजनासमेत बनाएर आवश्यक दक्ष जनशक्तिको उपलब्धता पनि निरन्तर हुने प्रवक्ता अधिकारीले जानकारी दिए ।

नमूना जिल्लामा सेवाग्राहीले दूरसञ्चार सेवा खरिद गर्न, जडान तथा मर्मत सम्भार, महसुल भुक्तानीजस्ता सेवाहरु प्राप्त गर्न कम्पनीका कार्यालयमा नभइकन कल सेन्टरबाटै सेवासम्बन्धी सबै कार्य गर्न सकिने व्यवस्था गर्ने घोषणा पनि टेलिकमले गरेको छ ।

यसमा सेवासम्बन्धी कुनै गुनासो वा सिकायत रहेमा शीघ्र सम्बोध गर्नेगरी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने र विना अवरोध सेवाप्रवाहका लागि सरोकारवाला निकाय नेपाल विद्युत प्राधिकरण, खानेपानी, सडकलगायत निकायसँगको आवश्यक समन्वयमा हुने पूर्वाधार निर्माण र सेवा विस्तारका कार्य सम्पन्न गरिने प्रतिबद्धता पनि टेलिकमले जनाएको छ ।

# 'थाहा फिल्म फेस्टिभल'को कार्यक्रम तालिका सार्वजनिक

साझाकुरा संवाददाता




हेटौंडा, २५ कात्तिक/ थाहा कला केन्द्रले आगामी ९ मंसिरबाट १५ गतेसम्म हुने थाहा फिल्म फेस्टिभलको साताव्यापी कार्यक्रम तालिका सार्वजनिक गरेको छ ।

६ वटा नेपाली कथानक चलचित्र र अरु लघु चलचित्र तथा डकुमेन्ट्री प्रदर्शन गर्नेगरी मिडिया पार्टनर थाहा टाइम्स डटकमबाट कार्यक्रम तालिका सार्वजनिक गरिएको हो । तालिकामा उल्लेख भएअनुसार फेस्टिभलमा डेसान, ऐना झ्यालको पुतली, बुलबुल, राधा, प्रकाश र आमाखाण्डो सहित लघु चलचित्र तथा वृत्तचित्रहरु प्रदर्शन गरिनेछ । आयोजकका अनुसार नि:शुल्क पास लिएर हलमा प्रवेश गर्न सकिनेछ । प्रदर्शनी पालुङ जेसीज हलमा हुनेछ ।

तालिकाअनुसार पहिलो दिन उद्घाटनसँगै थाहा नगर पालिकाको पर्यटनसँग सम्बन्धित डकुमेन्ट्री प्रदर्शन गरिनेछ भने अन्तिम दिन विशेष सम्मान समारोह सहित समापन हुनेछ । बाँकी ५ दिन बिहान ११ बजेदेखि ५ बजेसम्म कथानक चलचित्र र लघु चलचित्र तथा वृत्तचित्रहरु प्रदर्शन गरिने तालिका बनाइएको छ । हरेक दिन सुरुमा नेपाली कथानक चलचित्र प्रदर्शन गरिनेछ भने त्यसपछि लघु चत्रचित्र र वृत्तचित्रहरु प्रदर्शन गरिनेछ । छैठौं दिनमा सुरुमा र अन्त्यमा गरी दुईवटा कथानक चलचित्र प्रदर्शन हुनेछ ।

थाहा कला केन्द्रले 'पर्यटनका लागि फिल्म फेस्टिबल' भन्ने नारासाथ 'थाहा फिल्म फेस्टिबल २०८०' आयोजना गर्न लागेको हो । बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र थाहा नगरपालिकाको आर्थिक सहयोगमा कार्यक्रम हुनेछ ।

थाहानगरको पर्यटन प्रवर्द्धन हुने खालका तस्बिर कार्यक्रम स्थलमा राखेर दर्शकलाई अवलोकन गराउने, चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो, भ्लगलगायत निर्माता, निर्देशक, कलाकार तथा निर्माण पक्षलाई पालिकासँग पारस्परिक सहकार्य गराउन प्रयास गर्ने र चलचित्र, लघु चलचित्र, म्युजिक भिडिया निर्माता, निर्देशक तथा निर्माण समूहसँग विशेष अन्तर क्रिया गर्ने उद्देश्य पनि रहेको कला केन्द्रले जनाएको छ ।

# अखिल (क्रान्तिकारी)ले बुझायो प्रशासन र नगरप्रमुखलाई ज्ञापनपत्र

हेटौंडा, २५ कात्तिक/ विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) मकवानपुरले ८ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको छ । संगठनका अध्यक्ष सूर्यबहादुर गोले (सूर्य सी) को नेतृत्वमा क्रान्तिकारीले जिल्ला प्रशासन कार्यालय र हेटौंडा उपमहानगर पालिकालाई ज्ञापनपत्र बुझाएको हो ।

आउँदै गरेको दीपावली र छठपर्वको समयमा मिठाइजन्य वस्तुमा हुन सक्ने अखाद्यपदार्थको मिश्रण, यातायातमा हुने चर्को भाडा असुली, सवारीसाधन र जनचापको कारणले शहरी क्षेत्रमा हुन सक्ने असहजता तथा दुर्घटना रोकथामका लागि उचित व्यवस्थापन गर्न माग गर्दै क्रान्तिकारीले ८ बुँदे ज्ञापनपत्र बुझाएको हो ।

अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा दक्षिणपूर्व मकवानपुरका जिल्ला अध्यक्ष सूर्य सीको नेतृत्वमा गएको आशिष सी, विपना सी, लखन सीसहितको टोलीले जिल्ला प्रशासन कार्यालय मकवानपुरका निमित्त प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाई र हेटौंडा उपमहानगरपालिका नगर प्रमुख मीनाकुमारी लामालाई ज्ञापनपत्र बुझाएको हो ।

# अचेत अवस्थामा भेटिएका खड्काको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ हेटौंडा उपमहानगरपालिकामा शुक्रबार अचेत अवस्थामा फेला परेका एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका-७ नागश्वती बस्ने २७ वर्षीय भेषबहादुर खड्का रहेका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार खड्का घर परिवारसँग छुट्टिएर सोही आफ्नो पुरानो घरमा एक्लै बस्दै आएका थिए । उनी सोही स्थानमा शुक्रबार साँझ पौने ७ बजे अचेत अवस्थामा फेला परेका थिए । उनको उपचारको लागि हेटौंडा अस्पताल पुऱ्याइएकोमा पुग्नासाथ डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । खड्का लागूऔषध दुर्व्यसनी समेत रहेका प्रहरीको भनाइ छ ।

# प्रतियोगिताका लागि १५ कविता छनौट

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ हेटौंडामा हुने विद्यालयस्तरीय कविता प्रतियोगिताका लागि १५ कविता छनोट भएको छ । महाकबि लक्ष्मीप्रसाद देवकोटोको जन्मजयन्तीको अवसरमा कात्तिक २६ गते हुने प्रतियोगितामा छनोट भएका कविता वाचन हुनेछ ।

साहित्य संगम मकवानपुर र युगप्रकाश क्लब, हेटौंडा-११ को संयुक्त आयोजनामा ११५ औं लक्ष्मी जयन्तीको अवसर मा आज आइतबार त्रिभुवन मावि हेटौंडा-११ को व्यवस्थापनमा विद्यालय प्राङ्गणमा वाचन गरिने छ । विद्यालयस्तरीय प्रतियोगिताको लागि प्राप्त ३७ कवितामध्ये छनोटमा परेका १५ कविता कवि स्वयं उपस्थित भई वाचन गर्नु पर्ने जनाइएको छ । प्रतियोगितामा उत्कृष्ट ३ जनालाई जनही २ हजार र १ जनालाई सान्त्वना १ हजार र ाशीको प्रोत्साहन पुरस्कार प्रदान गरिने साहित्य संगम मकवानपुर अध्यक्ष डिबि बर्तौलाले जानकारी दिए ।

यसैगरी, साहित्य संगमले महाकवि लक्ष्मीप्रसाद देवकोटा सम्मान-२०८० बाट मकवानपुरका साहित्यकार देवराज खरेललाई सम्मानित गरिने जानकारी दिएको छ । ११५ औं लक्ष्मी जयन्तीको अवसरमा १० हजार राशीको यो सम्मानबाट खरेललाई सम्मानित गरिने संगम उपाध्यक्ष सानु खनालले जानकारी दिए । कार्यक्रमको पूर्वसन्ध्यामा हेटौंडा-११, स्थित सहिदस्मारक गेटदेखि प्रभातफेरी गरी त्रिभुवन माविमा रहेको देवकोटाको प्रतिमामा माल्यार्पण गरिने जनाइएको छ ।

हार्दिक शुभकामना

शुभ दिपावली, नेपाल सम्बत एवम् छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा सहयोगी महानुभावहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सम्झौता सापकोटा
(प्रबन्ध निर्देशक) एवम्
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, परिवार

शिशिर बचत तथा ऋण सहकारी संस्था लि.

वार्षिक साधारणसभासम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२५*

यस संस्थाको मिति २०८०/०७/१५ गते बुधबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १२ औं बार्षिक साधारण सभा तपसिलमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णयका लागि आव्हान गरिएको व्यहोरा सम्बन्धीत सवै महानुभावहरुमा अनुरोध छ । साथै संस्थाका सबै शेयर सदस्यज्यूहरुलाई वार्षिक साधारण सभाको जानकारी एवम् अनिवार्य उपस्थितिको लागि यसै सुचनालाई आधार मानी निम्न अनुसारको मिति,समय र स्थानमा शेयर सदस्यज्यूहरुको सक्रिय सहभागीताका लागि हादि अनुरोध गर्दछौं ।

*कार्यक्रम*
मिति : २०८०/०८/२३ गते,शनिवार
समय : बिहान ११:०० वजे देखि ४:०० वजे सम्म
स्थान : संस्थाको कार्यालय रहेको भवन, हेटौंडा ०४, मकवानपुर

**साधारणसभामा छलफलका बिषयहरु:**
१.) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२.) सचिवद्धारा प्रस्तुत हुने सांगठनिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३.) कोषाध्यक्षद्धारा दारा प्रस्तुत हुने वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४.) आ.व. २०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५.) आ.व. २०७९/८० को वार्षिक लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६.) आ.व. २०७९/८० को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तय गर्ने सम्बन्धमा ।
७.) संस्थाको विनियम संशोधन तथा कार्यक्षेत्र विस्तार सम्बन्धमा ।
८.) मोवाइल बैकिङ संचालनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।
९.) संचालक समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१०.) साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११.) विविध ।

अमृत अम्बर कुँवर (सचिव) एवम्
शिशिर वचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा ४, पारिजातपथ फोन नं ०५७(५९०७०३

साझाकुरा

## हाम्रो कुरा

# मंगलमय बनोस् पर्वहरु

प्रत्येक वर्ष कार्तिक कृष्णत्रयोदशीदेखि सुरु हुने नेपाली हिन्दूहरुको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् तिहार सुरु भएको छ । तिहाललाई झिलिमिलिको पर्वको रुपमा पनि लिइन्छ । दाजुबहिनी, दिलदीभाइबीचको सुमधुर सम्बन्धको पर्वको रुपमा पनि लिइन्छ । नेपाल पञ्चाङ्ग निर्णायक समितिका अनुसार कार्तिक कृष्णत्रयोदशी तिथि अर्थात यमपञ्चकको पहिलो दिन काग तिहार परेको छ । बेलुकी त्रयोदशी तिथि परेका दिन यमदीपदान सुरु हुने समितिले जनाएको छ । समितिका अनुसार कार्तिक कृष्णत्रयोदशीमा सूर्योदय भएका दिन काग तिहार मनाउने भएकाले शनिबारदेखि यमपञ्चक सुरु भएको छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचनअनुसार नेपाल संवत् ११४४ पनि यसै दिनदेखि सुरु हुन्छ । हलतिहार, गोवर्द्धनपूजा, बलीपूजा र आत्म (म्ह) पूजा मंगलवार परेको छ । कार्तिक शुक्ल प्रतिपदाका दिन गाई, गोरु, गोवर्द्धन र आत्म (म्ह) पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । दीपावलीलाई प्रकाशोत्सवको पर्वको रुपमा पनि मानिन्छ । यसदिन अँध्यारोलाई धर्तीमा आउन नदिई उज्यालो बनाइराख्ने मान्यता रहीआएको छ । आजभोलि दीपावलीको महत्व झन् बढेको देखिन्छ । दीपावली देश-विदेशमा रहेका हिन्दू र अन्य धर्मावलम्बीले पनि मनाउन थालेका छन् । दीपावलीको लागि सबैतिर तयारी गरिएको हुन्छ । नेपालको मध्य र पूर्वी तराईमा छठ पबनी हुने स्थानमा दीपावलीको तयारी अत्यन्त विशिष्ट हुन्छ ।

दीपावलीको दिनसम्म छठ पबनी मनाइने घरपरिवारमा महिलालाई फुर्सद नहुने एउटा कारण लक्ष्मीपूजा पनि हो । लक्ष्मी भन्नु चाहिं घरकी महिलालाई नै बुझ्ने गरिन्छ । दीपावली महिलाको पर्व हो । जुन घरमा महिला हुँदैनन्, त्यस घरको दीपावली खल्लो महशुस् गरिएको होला । दीपावलीमा दुई पर्व छन् । सभ्यताको हिसावले निकै पुरानो मानिने हिन्दू अर्थात् सनातन धर्म मान्ने समाजमा यस दिनलाई विशेष पर्वको रुपमा मनाइनु स्वाभाविक छ । सत्ययुगदेखि हालसम्म सनातन धर्ममा धेरै किसिमका काम भएका छन् । अनेक देवीदेवताको विशिष्ट कार्यले गर्दा नै यो संस्कृतिले निरन्तरता पाएको हो । यसै परिवेशमा यो मान्ने गरिन्छ कि दीपावली र लक्ष्मीपूजा एकैदिन हुने गरेको भए पनि वास्तवमा दुई पर्वहरुको संयोग हो । अर्थात् दीपावली र लक्ष्मीपूजा एकैदिन एकसाथ सम्पन्न हुने दुई महान सांस्कृतिक उत्सव हुन् । कला र संस्कृतिका धनी नेवार समुदायको नयाँवर्ष तथा नेपाल सम्बतको पहिलो दिन नेवारी समुदायले मनाउने सबैभन्दा उत्साहको पर्व हो म्ह:पूजा अर्थात आफूभित्रको पूजा । समग्र देवता, उर्जाशक्ति एवम् विश्वब्रम्हाण्ड आफ्नै शरीरभित्र रहेको विश्वास गर्दै आफूलाई चिन्न प्रेरित गर्ने पर्वको रुपमा म्ह:पूजा गर्ने गरिन्छ । शरीरमा शान्ति नहुँदा आत्मशान्त नहुने भएकोले यस दिन विधिपूर्वक शरीरलाई पूजा गर्ने परम्परा रहिआएको छ । यस दिन नेवार समुदायले परिवारका हरेक सदस्य मण्डप बनाएर पूजाआराधना गर्ने गर्छन् ।

मानिसभित्रको शक्तिदीपको रुपमा प्रकट गर्न म्ह:पूजा गर्ने गरिएको संस्कृतिविद्हरुको भनाई छ । नेपाल संवत सुरु हुने दिन म्ह:पूजा गर्ने परम्परा रहे पनि तिथि घटवढका कारण यसपटक समस्या देखिने भएको छ । नेवारी समुदायले नेपाल संवतको आधारमा नै म्ह:पूजा गर्ने चलन छ । लक्ष्मीपूजा, म्ह:पूजा र त्यसपछि किजापूजा अर्थात् भाइटीका हुने बताइएको छ । यही सेरोफेरोमा कार्तिक शुक्ल चर्तुथि तिथिबाट छठ पर्व विधिपूर्वक पूजाकार्यको शुभारम्भ हुन्छ । छठ पर्व नेपाल र भारतका हिन्दूले मनाउने एक महत्वपूर्ण पर्व हो । यो पर्वमा षष्ठी भगवतीको पूजाअर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गरिन्छ । नेपालको विशेष रुपले तराई (मधेश) क्षेत्रमा श्रध्दा एवम् भक्तिपूर्वक यो पर्व मनाउने गरिन्छ । यो पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर प्रसादको रुपमा खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि ख्वाउने चलन छ । कार्तिक महिनाको शुक्लपक्षको षष्ठी तिथिका दिन छठपर्व मनाउने गरिन्छ । चार दिनसम्म हुने छठपर्व विधिपूर्वक पूजा गरेर ब्रत बसेमा कामना अनुसारको भाकल पूरा हुने विश्वास गरिन्छ । सबै खालका पर्वहरुको आफ्नै बिशेषता र महत्व रहेको छ । यसैले आफ्नो क्षमताअनुसार पर्व मनाऔं । सबै पर्व सबैका लागि मंगलमय बनोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक २७ गते सोमबार, १३ नोभेम्बर २०२४ । औशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:२४, सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कुरा काट्नेहरु सक्रिय हुने | तुला | : स्वास्थ्य बिग्रन सक्ने |
| वृष | : नयाँ काम हात पर्ने | वृश्चिक | : रमाइलोगरि समय बित्ने |
| मिथुन | : कार्यान्तरण हुन सक्ने | धनु | : राजनीतिमा प्रगति हुने |
| कर्कट | : शुभ समाचार सुन्न पाइने | मकर | : शारीरिक परिश्रम गर्नुपर्ने |
| सिंह | : अनावश्यक खर्च बढ्ने | कुम्भ | : पढाइमा प्रगति हुने |
| कन्या | : भोजको अवसर मिल्ने | मीन | : विश्वासमा संकट आउने |

# आखिर पैसामा के छ ?



✍ योगेन्द्र तिमिल्सना

अचानक एक ट्रक पैसा भेट्नुभयो भने के गर्नुहुन्छ ? सम्भवत: एकक्षण मस्तिष्कले काम गर्ने छैन । यत्तिका पैसा के गर्ने ? कुनै मेलो पाउनुहुनेछैन । भावशून्य हुनुहुनेछ । जब तपाईं हतार-हतार सो पैसा उठाएर भएभरको झोलामा कोच्न थाल्नुहुन्छ, कसैले हठात तपाईंको कठालो समाउँछ । निद्रा भंग हुन्छ । ब्युँझिनुहुन्छ । पैसा फेला परेकै बखत निद्राबाट उठ्नुपर्दा कस्तो हुन्छ ?

तपाईंलाई खुसी लाग्नेछैन । विस्मात् हुनेछ । अनि आफैंसँग भन्नुहुनेछ, 'धत्, कस्तो ब्युँझिएछु ।' तपाईंलाई के लाग्छ भने त्यस क्षण नब्युँझिएको भए पनि हुन्थ्यो । सपनामा सही, अथाह पैसा छाड्नुपर्दा कताकता दु:ख लाग्नेछ ।

पैसा खासमा त केही होइन । कागज न हो । एउटा अवोध बच्चालाई वा कुनै वैरागीलाई त्यसको कुनै पर्वाह हुनेछैन । अधिल्तिर जतिसुकै पैसा थुपार्नुहोस्, त्यसले उनीहरुलाई कुनै खुसी, उमंग दिनेछैन । तर आम मान्छे शान्त र स्थिर हुनेछैन, जब उनको सामुन्न पैसाको थुप्रो लगाइनेछ । पैसाले उनीहरुलाई अनौठो ढंगले सम्मोहित गर्नेछ । आखिर पैसामा त्यस्तो के छ ? किन पैसा देख्दा मान्छेको मन फुरुंग हुन्छ ? यो मान्छेको मनोविज्ञानसँग जोडिएको प्रश्न हो । पैसाप्रति मान्छे यसकारण आकर्षित छन् कि त्यसले उसका आवश्यक्ताहरु पूरा गर्ने सामर्थ्य राख्छ । हो, पैसामा शक्ति हुन्छ, ऋयशक्ति । त्यही शक्तिको आडमा पैसाले दुनियाँलाई आफूतिर आकर्षित गरेको छ । त्यसैले त भन्ने गरिन्छ, 'पैसा देखेपछि त शिवजीको पनि तीन नेत्र खुल्छ ।' 'पैसाको मुखै कालो ।' 'छ पैसा छनछनी, छैन पैसा हनहनी ।' 'पैसाकै लागि आफ्नो बिरानो ।'

जब मान्छेले पैसा चिन्न थाल्छ, त्यसप्रति उसको लगाव बढ्दै जान्छ । अनि पैसा कमाउने मोलोमेसो खोज्न थाल्छ । पढ्छ, जागिर खान्छ, उद्यम व्यवसाय गर्छ, अनेक गर्छ । पैसा कमाउँछ । तर कति पैसा भएपछि मान्छेलाई पुग्छ ? यो अन्त्यहीन प्रश्न हो । मान्छेलाई पैसाले पुग्दैन । जति कमाए पनि ।

जीवनलाई सुविस्तासँग बिताउनका लागि मान्छेले पैसाको जोहो गर्छ । पैसा भएपछि मान्छेले दाल-चामल किन्न सक्छ । लुगाफाटो किन्न सक्छ । घर बनाउन सक्छ । गाडी जोड्न सक्छ । सन्तानलाई पढाउन सक्छ । औषधि उपचार गर्न सक्छ । खुलेर चाडपर्व मनाउन सक्छ । विन्दास घुमफिर गर्न सक्छ । मनोरञ्जन गर्न सक्छन् । अरु धेरै धेरै कुरा गर्न सक्छन् । कतिसम्म गर्न सक्छ भने अरुको समय, श्रम, उमेर आफ्नो हितमा प्रयोग गर्न सक्छन् ।

**कति फोहोरी पैसा ?**

त्यसैले मान्छे जतिसक्दो पैसा थुपार्ने यत्नमा रहन्छन् । तर पैसाको प्रवृत्ति के हो भने यो कसैसँग सधैंभर रहिरहँदैन । आज मेरो खल्तीमा भएको पैसा भोलि अर्कोको हातमा हुन्छ । यसरी पैसा एउटा हातबाट अर्को हातमा सरिरहन्छ । आज मेरो खल्तीमा भएको पैसा अघिसम्म मासु पसलेको हातमा हुनसक्छ, व्यापारीको हातमा हुन सक्छ, कर्मचारीको हातमा हुन सक्छ, बिरामीको हातमा हुनसक्छ वा चोर वा अपराधीको हातमा पनि हुन सक्छ । यसरी पैसा एक हातबाट अर्को हातमा सरिरहने भएकाले यो जीवाणुको घर पनि बन्ने गर्छ ।

पैसामा कति जीवाणु हुन्छ भनेर विश्व एवं नेपालमै पनि पटक-पटक अध्ययन भएको छ । त्यसको साझा निचोड छ, पैसामा तीन हजार भन्दा बढी प्रकारका जीवाणु हुन्छ । यस हिसाबले पैसालाई 'अत्यन्तै फोहोरी वस्तु' पनि भनिन्छ । तर पैसाले पनि अहिले आफ्नो स्वरुप र संयन्त्रमा फड्को मारिसकेको छ । यो डिजिटलाइज्ड हुँदै गएको छ ।

**पैसा नभएको भए ?**

आखिर जे भए पनि पैसा जीवनको एक अनिवार्य हिस्सा हो । पैसा नहुँदो हो त के हुन्थ्यो ? यो सोचनीय विषय हो । साँच्चै पैसाको प्रचलन नहुँदो हो, यसको मूल्य तोक्ने विश्वव्यापी वित्तीय सिद्धान्त नहुँदो हो, यसलाई परिचालन गर्ने बैंकिङ प्रणाली नहुँदो हो । अर्थात् पैसा फगत कागजको खोस्टा हुँदो हो । तब के हुन्थ्यो ?

सहज अनुमान गर्छ सकिन्छ, वस्तु विनिमय नै जीवनयापनको माध्यम बन्ने थियो । लेकका मान्छेले उत्पादन गरेको आलु, तराईका चामलसँग साट्नुपर्ने हुन्थ्यो । एक किलो घिउसँग कति किलो मह साट्ने भन्ने तय गर्नुपर्ने हुन्थ्यो । यो सत्य हो, जतिबेला पैसाको प्रचलन सुरु भएको थिएन त्यसबेला वस्तु विनियम गरिन्थ्यो । कृषियुगमा, जतिबेला बजारको अवधारणा आइसकेको थिएन, त्यसबेला मान्छेहरु आफूले जे भेट्छ, जे फलाउँछ त्यही खाएर गुजारा गर्थे । तर समय क्रममा मान्छेको आवश्यक्ता र आकांक्षाको दायरा बढ्दै गयो । उनीहरुलाई यस्ता कुराको अभाव महसुष हुन थाल्यो, जो आफूसँग छैन । आफूसँग नभएपछि अरुबाट लिनुपर्‍यो । यसका लागि सामान आदानप्रदान गर्नुपर्ने भयो । यसरी सट्टापट्टा प्रणाली विकास भयो । तर, बदलिंदो समाज, बढ्दो आवश्यकताबीच यस किसिमको प्रणाली उपयोगी हुन्छ त ?

अहँ, हुँदैन । यही प्रश्नमा पुगेपछि मान्छेले पैसाको अवधारणा बनाए । अर्थात् यस्तो कुनै वस्तु, जसले आफ्नो उपभोग्य वस्तुहरु किन्न सकियोस् । बोक्दा छरितो होस् । र, त्यसको निश्चित मूल्य निर्धारण होस् । अन्तत: उनीहरुले जनवारको छाला, अंग आदि हुँदै धातुहरुलाई यसका लागि प्रचलनमा ल्याए । फलाम, तामा, काँस जस्ता धातुलाई निश्चित तौलमा ढलौट गरी मुद्राका रुपमा प्रयोग गर्न थालियो । पैसाको उद्गम यहींबाट भयो ।

नेपालमा मानाङ्क, गुणाङ्क, वैश्रवण, पशुपति आदि शब्द अंति तामाका मुद्रा प्रचलनमा आएको इतिहास छ । मानाङक मुद्रा राजा मानदेव र गुणाङ्क मुद्रा राजा गुणकामदेवका पालामा प्रचलनमा आएको मानिन्छ । सातौं शताब्दीमा अंशुवर्मा र त्यसपछि जिष्णुगुप्ताको नाम अंकित सिक्का पनि प्रचलनमा ल्याएका थिए । विभिन्न कालखण्डमा, विभिन्न राजा महाराजाले यसरी नै धातुको मुद्रा प्रचलनमा ल्याए र नेपाल एकीकरणपछि पृथ्वीनारायण शाहले पनि आफ्नो मोहर चलाए । वि.सं. १९८१ मा टक्सार स्थापनापछि मात्र नेपालमा वैज्ञानिक ढंगबाट सिक्का निकाल्न थालिएको हो ।

धातुको पैसालाई कसरी छरितो र सहज बनाउन सकिन्छ भन्ने खोजसँगै कागजी पैसाको अवधारणा विकास भयो । सातौं शताब्दीमा चीनमा ताङ वंशको पालामा यसको अवधारणा विकास भएपनि ११ औं शताब्दीमा सोङ वंशको पालामा मात्र व्यवहारिक रुपले प्रचलनमा ल्याइयो । युआन वंशको शासनकालमा मंगोल साम्राज्यभर कागजी पैसाको प्रयोग व्यापक हुँदै गयो । नेपालमा कागजी नोटको प्रचलन धेरैपछि भएको हो । सुरुमा खुला सीमा र एकतर्फी व्यापारको कारण भारतिय नोट नै नेपालमा भित्रिए । पछि वि.सं. २००२ असोज १ गतेदेखि नेपाल सरकारको सदर मुलुकी खानाबाट एक, पाँच, दश र सयको नोट प्रचलनमा ल्याइयो ।

सहज अनुमान गर्न सकिन्छ, पैसा फगत मान्छेले आफ्नो सहजताका लागि परिकल्पना र प्रयोगमा ल्याएका जिनिस थियो । तर आज पैसामा छुट्टै ग्ल्यामर छ । सपनामा समेत मान्छे पैसाको थुप्रो देख्छ र झसंग ब्युँझिदा विस्मात् मान्छन् ।

**पैसाको मूल्य**

हामी वस्तुको मूल्य पैसाले निर्धारण गर्छौं । अर्थात् कति रुपैयाँको बिस्कुट, कति रुपैयाँको काँक्रो, कति रुपैयाँको टिसर्ट, कति रुपैयाँको ल्यापटप, कति रुपैयाँको औंठी, कति रुपैयाँको घर ? तर पैसाको पनि आफ्नै मूल्य हुन्छ । प्रारम्भिक चरणमा पैसालाई 'मूल्य'मा जोडिएकै कारण यसमा ऋयशक्ति आयो । पैसाको मूल्य नहुँदो हो त यसमा कुनै शक्ति हुँदैनथ्यो ।

इसापूर्व छैठौं सताब्दीको मध्यतिर प्राचिन ग्रीसले ड्राचमा नामको चाँदीको सिक्का निकालेको थियो । ग्रीक भाषामा लेखिएको ड्राचमाको अर्थ अठ्याउनु वा प्राप्त गर्नु हो । यसको सुरुको मूल्य एक मुठी तीर वा वाण बराबर भन्ने बुझिन्थ्यो ।

यसैगरी रोमन गणतन्त्रले सुरुमा निश्चित तौलका काँसलाई विनिमय प्रणालीमा ल्याएको थियो । तर सुरुवाती सिक्का अलि भद्दा र गह्रौं थियो । पछि समयानुकूल त्यसलाई छरितो बनाउँदै लगियो । सुरुमा धातुको तौलको आधारमा मूल्य निर्धारण गरिएपनि विस्तारै धातुको मूल्यभन्दा सिक्काको मूल्य बढी तोकिन थालियो । र, आजको मितिसम्म आइपुग्दा पैसा एक मूल्यवान वस्तुमा दरियो । बजारले निर्धारण गर्ने ऋयशक्तिको आधारमा अहिले पैसाको मूल्य तलमाथि हुन्छ । कुन पैसाको मूल्य कति भन्ने कुरा सम्बन्धित मुलुको अर्थव्यवस्थामा निर्भर हुन्छ । त्यसैले डलर र हाम्रो नेरुको मूल्य एकसमान छैन । भारु र हाम्रो नेरुको मूल्य उस्तै छैन ।

हरेक देशको केन्द्रीय बैंक अन्तर्गत पैसाको मूल्य र परिचालनको संयन्त्र तय गरिन्छ । जस्तो, नेपालको राष्ट्र बैंक । सरकारले आफ्नो लगानीमा स्थापना गरेको यो एक संस्था हो, जसले पैसाको विनियमन गर्छ ।के जति पनि पैसा छाप्न मिल्छ ? मान्छेको खल्तीभरि पैसा, उत्ति नै बैंक मौज्दात हुँदो हो त कति ढुक्क हुन्थ्यो होला । सबै सम्पन्न हुन्थे । पुगिसरी हुन्थे । त्यसो भए राज्यले धेरैभन्दा धेरै पैसा किन छाप्दैन ?

खासमा पैसा त्यसरी मनोमानी ढंगले छाप्न पाइँदैन, सकिँदैन । हो, एकदमै संकटको क्षणमा राज्यले यस्तो काम पनि गर्छ । अर्थात् धेरै पैसा छाप्न सक्छ । जस्तो युद्धको चरम स्थितिमा, संकटले तहसनहस भएको क्षणमा । यो एकदमै आपतकालीन अवस्थाको कुरा हो । तर सामान्यतया राज्यले पैसा छाप्ने आफ्नै प्रणाली हुन्छ । यसको जिम्मेवार निकाय, राष्ट्र बैंक हो । बैंकको नोट विभागबाट पैसा कति छाप्ने, कहिले छाप्ने भन्ने टुंगो गरिन्छ । उनीहरुले पनि यो कुराको टुंगो यस आधारमा गर्नुपर्ने हुन्छ कि, राज्यसँग मौज्दात सम्पति कति छ ? सुन, चाँदी वा विदेशी मुद्रा कति छ ? सोही आधारमा नयाँ नोट छाप्न पाइन्छ ।

राष्ट्र बैंकले साढे तीन वर्षको लागि आफूलाई पुग्नेगरी पैसा राखेको हुन्छ । यी पैसा राज्यमा विभिन्न रुपले परिचालित हुन्छ । विभिन्न कारणले जब पैसा अपुग हुन्छ, तब थप पैसा छाप्नेबारे राष्ट्र बैंकले निर्णय गर्छ ।

**पैसालाई माया गर्नुपर्छ ?**

पैसा कमाउनुका साथै बचाउनु पनि जरुरी छ । किनभने पैसाले वर्तमानलाई सहज बनाउँछ भने भविष्यलाई सुरक्षित पनि । आज हामीलाई सुविधासाथ खान बस्नका लागि र भोलि रोगव्याधिको औषधि उपचार गर्न पनि पैसा चाहिन्छ । छोराछोरीलाई पढाउन पैसा चाहिन्छ । यी सम्पूर्ण काममा लागि पैसा जरुरी छ । तर पैसालाई यति धेरै पनि माया नगरौं कि जसले परिवार, साथीभाइ, इष्टमित्रसँगको मायामा अवरोध ल्याओस् ।

यद्यपि पैसालाई यस हिसाबले माया गरौं, जो जतन र सुरक्षित होस् । पैसा बोक्दा, प्रयोग गर्दा, राख्दा जतन गरौं । जथाभावी केरमेट गर्ने, खुम्च्याउने, च्यात्ने नगरौं । पूजाआजा गर्दा पनि पैसामा रंग अबिर लगाउने नगरौं । सम्भव भएसम्म सर्लक्क जोगाएर बोकौं । किनभने जति जति हामीले पैसालाई थोत्रो बनाउँछौं, त्यसलाई जलाएर नष्ट गर्नुपर्ने हुन्छ । भलै अहिले थोत्रो पैसालाई बिग्रेड बनाउने गरिएको छ । तर पैसा थोत्रो बनाउनु भनेको राज्यको व्यायभार बढाउनु हो । पैसा छाप्नकै लागि राज्यले वर्षमा दुई अर्बभन्दा बढी खर्च गर्नुपर्छ ।

**एउटा पैसा छाप्न कति धेरै मेहनत र खर्च गरिएको हुन्छ ?**

तपाईं एउटा नोट लिएर हेर्नुहोस् । त्यसमा राखिएका अंक, संकेत, चित्र र रंगहरु हेर्नुहोस् । ती पैसाको सुरक्षा संयन्त्र हुन् । एउटा कागजको खोस्टो र पैसाको मूल्य किन उस्तै हुन्न ? तपाईंले जवाफ पाउनुहुनेछ । पैसालाई आफ्नो आवश्यकता पूरा गर्न त प्रयोग गर्नु नै पर्छ, भोलिको सुनौलो भविष्यका लागि सञ्चय गर्नु पनि जरुरी छ । र, उत्ति नै जरुरी छ पैसालाई अत्यन्तै जतनसाथ प्रयोग गर्न । *साभार: अनलाइनखबर*

# भालेवादी अभिमान अन्त्यका लागि नारी-पुरुषको हातेमालो



✍ सञ्जीव कार्की

भालेवाद भाले अर्थात् पुरुष हुनुको पहिचान र चिन्हमात्रै होइन शोषण, दमन गर्ने सोच र मानसिकता पनि हो । प्रभुत्व र वर्चस्वशाली हुनुको मानक पनि हो । भालेवादी हुन पुरुष नै हुनुपर्छ भन्ने कुनै वाञ्छनीय योग्यता छैन । जसरी ब्राह्मणमा मात्र ब्राह्मणवाद हुँदैन अर्थात् सबै ब्राह्मणमा ब्राह्मणवाद नहुन सक्छ । दलित, जनजातिमा पनि ब्राह्मणवाद हुन्छ, त्यसरी नै महिलाभित्र पनि भालेवाद शीर ठाडो गरेर बसेको हुन्छ ।

भालेवाद लैङ्गिक पहिचान होइन । अहङ्कार र नारीलाई वस्तुकरण गर्ने विचारधारा, संस्कृति, सोच, संस्कार र वर्चस्व पनि हो । तसर्थ, एकसेएक अधिकारवादी, महिलावादी पुरुष र महिलासँग भालेवाद भूतको हावा सवार हुन्छ, भालेवादी संस्कृति मनोविज्ञान र व्यवहार रहेको हुन्छ । नारी अधिकार र हकको कुरा गर्दा गर्दै भालेवादी सोच र व्यवहार अनायसै आउँछ । यो सामाजिक, सांस्कृतिक कार खानाको उत्पादन हुनुको दोष हो । भालेवाद नारी एवं पुरुषका लागि सामाजिक, सांस्कृतिकरूपमा निर्मित भूमिका, बानी, क्रियाकलाप तथा विशेषता हो । यसले सामाजिक, सांस्कृतिक सत्ताको सम्बन्धलाई जनाउँछ । स्त्री र पुरुष (भाले र पोथी) लिङ्गत कोटी हुन् । यो जीव वैज्ञानिक हुन्छ भने लैङ्गिकता सामाजिक कोटी हो । यो सामाजिक सांस्कृतिक अभ्यास र मूल्यद्वारा निर्धारित र निर्देशित हुन्छ ।

भालेवाद सामाजिक, सांस्कृतिक एकाइद्वारा महिला र पुरुषले सम्पादन गर्ने कम कर्तव्यको परम्पर ागत परिभाषालाई पुठ दिने अवधारणा हो । लेखक कमला भासिनाका अनुसार 'सामाजिकीकरणको प्रक्रियामा नै समाजमा छोरालाई साहसिक, शक्तिशाली तार्किक, आत्मविश्वासी, प्रतिस्पर्धी स्वभावमा प्रवृत्त हुन उत्प्रेरित गरिन्छ भने छोरीलाई लजालु, सहनशील, समर्पण, सहिष्णु र नमनियताका गुण हुनुपर्ने धारणासहित प्रशिक्षित गरिन्छ । सामाजिकीकरणको प्रोसेसमै विभेदक लक्षणसहित नारी र पुरुषको लैङ्गिकता निर्धारण गरिन्छ । त्यसैले भालेवाद यत्रतत्र सर्वत्र व्याप्त छ ।

भालेवादमुक्त घर, समाज सायद छैन । भालेवाद पुरुषमा मात्र नभएर महिलामा पनि हुनु यो संस्कृतिको अन्तरघुलन हो । परिणामत: महिला भएर पनि भालेवादी मानसिकता बन्ने परिस्थिति सिर्जना हुन्छ । यो हाम्रो समाजको प्राचीन समयदेखि आजपर्यन्तको चरित्र बनेको छ । नेपाली राजनीतिमा पनि पुरुष सत्ताको हैकम चुपचाप पालन गर्नु र गर्न लगाउनु नारीभित्रको भालेवादको विशेषता हो ।

हामी जब्बर भालेवादको जन्जिरमा छौं । त्यो जन्जिरको लक बनाउन भालेवादी महिलाको पनि ठूलो हात छ । प्रयोग हुनु र प्रयोग भएको नबुझ्नु महिलाको ठूलो कमजोरी छ । महिलामाथि हुँदै आएको उत्पीडन र नकारात्मक भेदभावका जराहरू केलाउन नजानेको, नसकेको कारण महिला पुरुषबाट पीडितमात्र छैनन्, नारी स्वयम्बाट नारी प्रताडित छन् ।

हाम्रो भालेवाद समाजका सबै निकाय अवयवको धुरी चढेर कुखुरी काँ भनेर बासेको छ । भाले नबास्ने कुनै धुरी भेट्टाउन मुस्किल छ । चाहे त्यो गाउँको गरिबको झुपडीको धुरी होस् या सहरको महलको धुरी या होस् सिंहदरबारको धुरी । भालेवाद बासेकै हुन्छ । सत्ता र शक्तिको धुरीमा भालेवाद अत्यधिक हाबी छ । भालेवादी बिचारधार ले नारीलाई दोस्रो दर्जाको भोग्य वस्तुका रूपमा हेरेकै हुन्छ । नारी आफैंले पनि कतिपय मामलामा पुरुष हैकमलाई आफ्नो नियतिका रूपमा स्वीकार गरेको देखिन्छ । त्यसैले पुरुष अहम्लाई पोथी बासेको उसै मन पर्दैन । झन् पोथीको प्रतिरोधी चेतना कसरी पचोस् ? कदाचित महिलाले प्रतिरोधी चेतना राखे भने त्यो असह्य हुन्छ । यसर्थ भाले जातिमा रहेको छिद्रान्वेषी पुरातन पुरुष भाष्य र पुरुष सत्ता अनेकन सन्दर्भ झिकेर, निर्धो तर्क गरेर , आफ्नो हीत प्रबर्द्धन गर्न र पुरुष दण्डको भागीदार बन्न सक्तैन र हुँदैन भनेर हुङ्कार गरिरहेका हुन्छ । सबै परिस्थितिको दोष नारीमाथि थोपरिरहेको पाइन्छ । महिलामाथिको उत्पीडनलाई साथ दिन महिलाकै काँध चढेर महिलाबिरुद्ध अपमानको विष घोप्ट्याइरहेछ भालेवाद । जसलाई साथ र समर्थन दिन नारीहरू नै तँ छाड म छाड गरेर सतहमा देखिएका छन् । सडकमा पोखिएका छन् । पुरुष सत्तालाई काँध हाल्न नारी सत्ता आएको छ । आफ्नो स्वार्थ, पुरुष हित र वादलाई धक्का नपरोस् भनेर नारीलाई होच्याउँदै, गिज्याउँदै सस्ता पुच्छे प्रश्न गरेर प्रतिरोधी चेतनालाई धूलिसात पार्न नारी अस्मितामा औंलो तेर्स्याउँदै, नैतिकताको कुरा निकालेर चरित्र दोष देखाउँदै कमजोरीको सबै कारण नारी भएको मत प्रकटीकरण गर्दै बसेको छ, पुरुष चेतना ।

पुरुष चेतनाको भाष्यलाई लाल मोहर लगाउने काममा नारीहरू लागिपरेका छन् । आफ्नो प्रभाव र वर्चस्वमा रहेका भाषा, शक्ति, सन्दर्भ, माध्यम र अधीनस्थ चेतनालाई प्रयोग गरेर पुरुष भाष्य र प्रभुत्वलाई चुनौती दिँदै उठ्न लागेको प्रतितन्त्रलाई अविवेकी घन र भालेवादको अहम्ले हिर्काइरहेका पुरुषलाई बल दिन तम्सिएका नारीहरूको झुन्ड देख्दा लाग्छ नारी अधीनस्थ भएर बस्न चाहन्छन् । नारी पराधीन हुन नै मजा मान्छन् कि क्या हो ? नारी पुरुष सत्ताकी अर्धाङ्गिनी बन्न राजी छ । आफ्नो अस्मितालाई बन्धक बनाएर नारी पुरुष नीचतालाई पुरस्कृत गर्न जमानी बस्न हरहमेसा तयार छ । निरुत्साहन दिनुपर्ने चरित्रलाई प्रोत्साहन दिन प्रतिस्पर्धा देखिन्छ ।

नारीहरूको समर्थन र शुभेच्छा पाएको पुरुष आफ्नो शक्तिमा क्षय हुन नदिन पुरुष एक हुनुको नारा भट्याइरहेको छ । भालेवादको सारथि बन्न मन्जुर छ नारी । त्यसैले सहरमा रमिता छ । रमिताको पात्र बनिरहेकी छ कानुनको नजरमा सेक्सका लागि अयोग्य एक बालिका । बैंसालु उमेर, लोभ, मोह, माया र अवसरको भुलभुलैयामा परेर एक नाबालिग कसैसँग यौन सम्पर्क गर्न पुग्छे ।

परस्पर सम्झौतामा सेक्स रहर थियो, रुचि थियो होला ? अनि बाध्यता पनि हुनसक्छ ? तर, त्यो अवोध बालिका प्रयोग हुन्छे सेक्स गर्ने पुरुषबाट अनि उनीहरूले सेक्स गरेको थाहा पाउने अर्को पुरुषबाट । तब अनेकन षड्यन्त्रको तानाबाना बुनिन्छ । त्यो बालिका प्रयोग हुन्छे अनि सुरु हुन्छ मुद्दा मामला । मान्छेको रूपमा गल्ती जोसुकैले गर्न सक्छ । मुद्दा मामला परेपछि त्यसको छानबिन गर्ने सरकारी निकायहरू छन्, प्रहरी प्रशासन र अड्डा अदालत छ । एउटा सेलिब्रेटीको नाममा त्यसलाई प्रभाव पार्न मान्छेहरू सडकमा निस्कन्छन् । प्रहरी आफैं बन्छन्, वकिल र न्यायाधीश आफैं हुन्छन् र फैसला गर्छन् । राजनीतिक कार्यकर्ताहरू पढेलेखेका मान्छेहरू नबोल्ने कुरामा बोल्छन् । मौन रहने कुरामा समर्थन गर्छन् । महिलाको योनीमा रहेको इज्जतको कुरा चल्छ । बेइमानी गर्ने पुरुष लिङ्गलाई इज्जतले छुँदैन तर, महिला योनीमा चरित्र र इज्जतको कुरा जोडिन्छ । समान कसुरमा असमान दण्डको कुरा चल्छ । नेपाली समाजको यौन मनोविज्ञानको स्थिति कति भयानक एक पक्षीय र असन्तुलित छ । हाम्रा वरपरका घटना सार्वजनिक मिडियामा आएका समाचारहरूले पुष्टि गरिरहन्छन् ।

पारस्परिक सहमतिको सम्बन्धमा महिला सामाजिक र नैतिकरूपमा च्यूत ठहरिन्छे भने पुरुषको हकमा इज्जतको सवालमा कुनै आपत्ति पर्दैन । यौन सम्बन्ध पुरुषको एकलौटी हक हो । केवल कानुनले मात्रै अपराधको परिभाषा भित्र राख्छ । पुरुष लिङ्गका कारणमात्र बलियो छैन, पुरुष मानसिकताका कारण बलियो र महिला मानसिकताकै कारण निर्बल र निस्तेज बनाइएका छन् । प्राकृतिकरूपमा नै महिलाभन्दा म स्वत: बलियो छु भन्ने एक अवधारणा छ । र ाजनीतिकर्मी र साहित्यकार कुन्ता शर्मा भालेवादविरुद्ध आक्रोश पोख्दै व्यङ्ग्य लेख्छिन्-

'सधैं सधैं घरका धुरीहरूमा, आँगनहरूमा, बार्दलीहरूमा'
घाँटी तन्काउँदै, सिउर हल्लाउँदै,
बास्ने काम भालेको हो ।
आवाज उकास्ने काम भालेको हो ।
पोथीले मात्र कुकुराउनु पर्छ
आक्रोशका घुड्काहरू चुपचाप निल्नुपर्छ
अण्डा पार्नु पर्छ, ओथारो बस्नु पर्छ
अनि तन्मयतापूर्वक बच्चा हुर्काउनु पर्छ ।
उन्मुक्त हाँसो हाँस्नु हुँदैन ।
पोथी बास्नु हुँदैन ।'

म शारीरिकरूपमा पुरुषभन्दा कमजोर छु भन्ने हीनताबोधी मानसिकता महिलामा छ । तसर्थ पुरुष अधीनस्तता स्वीकार्य मनस्थिति निर्मित छ । पुरुष नारीलाई केवल भोग्य वस्तु, मनोरञ्जनको साधन र सन्तान उत्पादनको कारखाना मान्छ । सामाजिक रूपमा पुरुषलाई बहादुर, मर्द, सहासी र नारीलाई कमजोर दुर्बल र पुरुष अधीनस्थ बन्नुपर्ने प्राकृतिक बाध्यता नै रहेको भ्रमपूर्ण अवास्तविकता वास्तविक लाग्ने समाज मनोविज्ञान तयार छ ।

महिला केवल सुन्दर बन्नु पर्छ, देखिनु पर्छ र सुन्दर बन्ने बनाउने सांस्कृतिक अवधारणाभित्र उनलाई कमजोर पारेर आफ्नो अधीनस्थ बनाउने खोटपूर्ण पुरुष अभिप्राय रहेको छ । जसलाई महिलाले चाहेर नचाहेर बुझ्न सकेका छैनन् । महिलाको इज्जत र प्रतिष्ठा पनि उनको कसिलो योनीमा फिट गरि दिएको छ पुरुष हैकमवादले । तसर्थ पुरुष आश्रित बन्नु महिलाको नियति र संस्कृति दुवै हो । महिला पुरुषको आपसी समझदारीको सहवासलाई सार्वजनिक चर्चा र चासोको विषय बनाइन्छ ।

इज्जत पुरुषको नजाने र महिलाको मात्रै जाने भाष्य निर्माण गरिन्छ । जसलाई बदल्नु आजको समय र परिवेशको दायित्व हो । यो दायित्व महिलाको मात्र नभएर आम पुरुषको पनि हो । समाज, संस्कृति, परम्परा चालचलन, राज्य अर्थतन्त्र, शिक्षा, राजनीति सबैतिर रहेका छिद्रहरू नियाल्नु र केलाउनु जरुरी छ । अन्यथा समाज अरू अराजक र संस्कारहीन प्रवृत्ति उन्मुख रहन्छ । भालेवादको अन्त्य गर्न स्वयं भाले जातको सुझबुझपूर्ण व्यवहार र नैतिकता इमानदारी र निष्ठाको खाँचो छ । त्यस्तै आश्रित हुने मनोविज्ञानबाट महिलाहरू पनि माथि उठ्नु पर्छ । प्रतिरोधी चेतना जागृत हुनुपर्छ । नारी पुरुषका जीव वैज्ञानिक केही शारीरिक विशेषताबाहेक महिलालाई चिनाउन भालेवादले थुप्रै सामाजिक असमता निर्माण गरेको छ । प्राकृतिकरूपमा नभएर सामाजिक, सांस्कृतिक रूपमा नारीलाई कज्याउन र ऊमाथि हैकम जनाउन पितृसत्ता र सिङ्गो भालेवाद लागिपरेको छ । हाम्रो भालेवादको व्याख्यात्मक टिप्पणी आफ्नो अनुकूल देखिन जहाँ र जताबाट पनि आएको छ यो दुर्भाग्यपूर्ण छ । व्याख्यात्मक टिप्पणी आफ्नो बचाउका लागि होइन कानुन, नीति, नियम र नैतिकताका लागि वैध हुनुपर्छ । अवैध व्याख्या विश्लेषण र टिप्पणी फगत सस्तो मनोरञ्जन र नैतिकता क्षयका लागिमात्रै हो । समाज र मानवका लागि हुन सक्दैन । समाज सुसङ्गत न्याय र निष्पक्षताले मात्र सभ्य र सुसंस्कृत बन्छ । भालेवादको समूल अन्त्यका लागि नारी पुरुषको हातेमालो जरुरी छ । *साभार: रातोपाटीबाट*

# इण्डियन आइडलको मंचमै मेनुका पौडेललाई फिल्मको प्रस्ताव



काठमाडौं / इण्डियन आइडलमा प्रतिस्पर्धा गरिरहेकी नेपाली गायिका मेनुका पौडेललाई फिल्मको अफर आएको छ । उक्त शोको दिपावली विशेष एपिसोडमा एक गेस्टले उनलाई फिल्ममा अभिनय र गायनको प्रस्ताव राखेका हुन् ।मेनुकाको गायकीबाट प्रभावित भएर उनले इण्डियन आइडलको स्टेजमा भनेका छन्। एउटा फिल्म जो जुन लामो समयदेखि बनाउने तयारी छ । एक गायिका जसले आफ्नो स्वरबाट सबैको मन जित्छिन् र देख्न सक्दिनन् । त्यो फिल्म 'लभ एट फस्ट साउण्ड'को कथावस्तुमा आधारित हुनेछ ।' इण्डियन आइडलको मंचमै फिल्मको प्रस्ताव आएपछि मेनुकालाई दिपावलीको राम्रो उपहार मिलेको भन्दै प्रशंसा भैरहेको छ । फिल्मको प्रपोज भएपछि जज् पनि खुशि भएर ताली बजाएका छन् । कतिपय भारतीय संचारमाध्यमले लता मंगेशकरको आवाजसँग मेनुकाको आवाजलाई पनि तुलना गरिरहेकी छन् । अहिले उनी टप १५ मा प्रतिस्पर्धा गरि रहेकी छिन् ।

# वीरगञ्ज गोल्डकपः उपाधिका लागि आर्मी र पुलिस भिड्दै

वीरगञ्ज /पर्साको वीरगञ्जमा जारी प्रथम वीरगञ्ज गोल्डकप, २०८० को उपाधिका लागि दुई विभागीय टोली त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लब भिड्ने भएका छन् । दुवै टोलीबीच आज दिउँसो २ बजे वीरगञ्जस्थित आदर्शनगर रङ्गशालामा फाइनल खेल हुँदैछ ।

सेमिफाइनलमा आर्मीले सङ्कटा क्लबलाई तथा पुलिसले आयोजक वीरगञ्ज भेट्रान सिटी क्लबलाई हराउँदै फाइनल खेलको यात्रा तय गरेका हुन् । आयोजक वीरगञ्ज भेट्रान सिटी क्लबका अध्यक्ष सुबिन बस्नेतका अनुसार वीरगञ्ज महानगरपालिका मुख्य प्रायोजक रहेको प्रतियोगिताको विजेताले रु ११ लाख ११ हजार १११ तथा उपविजेताले रु पाँच लाख ५५ हजार ५५५ पुरस्कारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने छ । यस्तै विधागततर्फ उत्कृष्ट खेलाडीलाई जनही रु २० हजार तथा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई रु ५० हजार पुरस्कार प्रदान गरिने छ । प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, सङ्कटा क्लब, चर्च ब्वाइज युनाइटेड नवलपरासी, झापा एफसी, वीरगञ्ज भेट्रान सिटी क्लब तथा भारत कोलकाताको क्लाइभ हाउस डमडम र दिल्लीको एफसीआई नर्थजोन फुटबल टोली सहभागी छन् ।



# फिल्म खेलेर रश्मिकाले ७ वर्षमै ४३ करोड कमाइन्

भारतीय अभिनेत्री रश्मिका मन्दना पछिल्ला केही दिनयता डिपफेक भिडियोका कारण मिडियामा छाइरहेकी छिन् । तर यहाँ कुराकानी गर्न लागिएको सो भिडियोबारे होइन । रश्मिकाको फिल्मी करियर धेरै पुरानो होइन । उनी फिल्म क्षेत्रमा आएको जम्मा ७ वर्ष भयो । यो ७ वर्षमा उनले २० वटा फिल्म खेलिसकेकी छिन् ।

४-५ वटा फिल्मपछि नै उनको चर्चा चुलिन थालेको थियो । अहिले इन्स्टग्राममा रश्मिकाको ३ करोड ९४ लाख जना फलोअर छन् । कर्णाटकमा रश्मिकाको निक नेम नै नेशनल क्रस राखिएको छ । सन् २०२० मा गुगलले रश्मिकालाई नेशनल क्रस घोषित गरेको थियो । उनी एक्सप्रेशन क्वीनका रुपमा पनि चिनिन्छिन् ।

साइकोलोजीमा माष्टर्स गरेकी रश्मिकाले सन् २०१६ मा कन्नड फिल्म किकिर पार्टीबाट फिल्मी करियरको शुरुआत गरेकी थिइन् । ४ करोड रुपयाँमा बनेको यो फिल्मले ५० करोड रुपयाँको कलेक्सन गरेको थियो । कन्नड फिल्म उद्योगमा यो सो वर्ष सबैभन्दा धेरै कमाउने फिल्म बन्यो ।



**फिल्मको प्रस्ताव गरेकी थिइन् अस्वीकार**

किरिक पार्टीमा अभिनेत्रीको भूमिकाका लागि प्रडक्शन हाउसले फोन गरेपछि कसैले जिस्किएर फोन गरेको होला भनेर रश्मिकाले नम्बर नै ब्लक गरिदिएकी थिइन् । त्यतिबेला उनलाई फिल्ममा खेल्ने इच्छा नै थिएन । तर पछि टिचरमार्फत प्रडक्शन हाउसले फेरि फिल्मको लागि अप्रोच गरेपछि उनी फिलम खेलन तयार भइन् । मेकरहरुलाई भेट्न जाँदा रश्मिकाले टिचरलाई पनि लिएर गएकी थिइन् । उनलाई अभिनय गर्नै आउँदैनथ्यो ।

तर क्यामराको अगाडि केही डाइलग पढेर देखाएपछि फिल्मको काष्टमा उनी छानिइन् ।

**डीपफेक भिडियो भाइरल भएपछि रश्मिकाले के भनिन् ?**

डीपफेक भिडियो भाइरल भएपछि रश्मिकाले के भनिन् ? त्यति बेला रश्मिका मात्रै २० वर्षकी थिइन् । फिल्मी यात्रामा रश्मिका अहिलेसम्म पछाडि फर्केर हेर्नु परेको छैन । गएको ७ वर्षको अवधिमा रश्मिकाले अंजनिपुत्र, चमक, चलो, गीता गोविन्दम, सरिले नीकेवारु, सुल्तान, सीता राम र वरिसुजस्ता हिट फिल्ममा काम गरिन् । सन् २०२२ मा आएको अल्लु अर्जुनको पुष्पाः द राइजले रश्मिका चर्चा झनै बढायो । यो फिल्ममा श्रीवल्लीको भूमिकामा उनलाई दर्शकले निकै मन पराए ।

**२०२२ मा बलिउड डेब्यू**

रश्मिकाले गूडबायबाट बलिउड डेब्यु गरेकी थिइन् । अभिताभ बच्चन, निना गुप्तालगायत कलाकारको अभिनय रहेको यो फिल्मले खासै जादु भने देखाउन सकेन । यसपछि रश्मिका शिद्धार्थ मल्होत्रासँग मिशन मजनूमा देखिइन् । रश्मिका छिट्टै रणवीर कपुरसँग एनिमलमा देखिँदैछिन् । यो फिल्म यही डिसेम्बर १ मा रिलिज हुँदै छ ।

**४३ करोडकी धनी**

रश्मिका दक्षिण भारतमा सबैभन्दा धेरै पारिश्रमिक लिने अभिनेत्रीमध्ये पर्छिन् । एउटा फिल्ममा खेलेको रश्मिका ३ देखि ४ करोड रुपैयाँ लिन्छिन् । अहिलेसम्म उनले ६ पटक उत्कृष्ट अभिनेत्रीको अवार्ड पाइसकेकी छिन् । रश्मिकाको नेटवर्थ ४३ करोड रुपैयाँ छ ।

# प्रधानमन्त्रीलाई गगन र विश्वप्रकाशको ११ बुँदे ध्यानाकर्षण

काठमाडौं /जाजरकोट भूकम्पबाट प्रभावित क्षेत्रको भ्रमणबाट फर्कपछि नेपाली कांग्रेसका महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ११ बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् ।

शनिबार प्रधानमन्त्रीलाई उनकै निवास बालुवाटारमा भेट्दै महामन्त्रीद्वय थापा र शर्माले राहत वितरणलाई व्यवस्थितगर्नुपर्नेसहितका सुझाव दिएका हुन् । राहत वितरण गर्दा नेतृत्व स्थानीय तहको र समन्वय सर्वदलीय संयन्त्रको नीतिलाई हरेक वडा तहसम्म पालना गर्न सुझाव दिएका छन् ।

त्यस्तै चिसो बढ्दै गएको समयमा सुत्केरी, बालबालिका, वृद्धवृद्दा र अपांगता भएका नागरिकलाई चिसोले थप कष्टकर अवस्थामा पुऱ्याउने भएकाले मंसिर मशान्तभित्र अस्थायी आवास निर्माणको काम सक्न आग्रह गरिएको छ ।

**११ बुँदे ध्यानाकर्णपत्रको पूर्णपाठ**

सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्रीको कार्यालय,
सिंहदरबार
बिषय : भुकम्प प्रभावित क्षेत्रबाट फर्किएपछि जरुरी सुझाव सहित ध्यानाकर्षण सम्बन्धमा ।

भुकम्पबाट ठुलो जनधनको क्षति भएको क्षेत्र जाजरकोट र रुकुम पश्चिमबाट फर्किए पश्चात् राज्यसँग नागरिकको अपेक्षा र हाम्रो सुझावहरु सहित निम्नानुसार ध्यानाकर्षण गराउँदछौं

१) राहत वितरणको जारि क्रमलाई थप व्यवस्थित गर्न जरुरी देखिएको छ 'नेतृत्व स्थानीय सरकारको, सहकार्य सर्वदलीय संयन्त्रको' नितिलाई हरेक वडा तहसम्म कार्यान्वयन गर्न / गराउन सक्दा राहत र पुनर्स्थापनाको अभियानलाई अझ प्रभावकारी बनाउन सार्थक बल पुग्ने देखिन्छ ।

२) क्रमशः चिसो बढ्दै गएको छ । सुत्केरी, बालबालिका, वृद्धवृद्दा र अपांगता भएका नागरिकलाई चिसोले थप कष्टकर अवस्थामा पुऱ्याउने देखिन्छ। अत मंसिर मसान्तसम्ममा सबैका लागि अस्थायी आवास निर्माण गरिसक्न युद्धस्तरमा काम अघि बढाउन जरुरी रहेको गम्भीरतापुर्वक ध्यानाकर्षण गराउँदछौं ।

३) समग्र पुनर्निर्माण कार्य सक्न बर्षदिन या सो भन्दा बढी समय



लाग्नसक्ने व्यवहारिक स्थिति दृस्टिगत गरेर व्यक्तिको अस्थायी आवास युद्धस्तरमा निर्माण गर्न सरकारले आजभोलिनै प्रत्येक प्रभावित परिवारलाई न्युनतम ४० हजारका दरले रकम उपलब्ध गराउने निर्णय गर्न र तिहार लगत्तै सम्बन्धित परिवारको हातमा पुग्ने बन्दोबस्त मिलाउन आग्रह गर्दछौं ।

४) अस्थायी आवास निर्माण गर्न स्वयं सक्षम परिवार बाहेकको हकमा पनि हजारौं स्वयंसेवि परिचालन गर्नुपर्ने देखिन्छ । यसका लागि सरकारले आफ्नो सुरक्षा संयन्त्र परिचालन गर्नुसँगै राजनैतिक दलहरू, तिनका भातृ संगठनहरु एवं विभिन्न संघसंस्थाहरुलाई आह्वान गर्न जरुरी छ। नेपाली काँग्रेस यो अभियानमा पीडित र सरकारको साथमा रहेको र पहिलो चरणमा १ हजार अस्थायी आवास स्वयंसेवि दक्ष जनशक्तिका साथ निर्माणका लागि श्रमदान गर्ने जानकारी गराउँदछौं ।

५) अस्थायी आवास कम्तिमा एउटा जाडो र एउटा बर्खा झेल्नसक्ने गरि निश्चित मापदण्डको आधारमा बलियोनै बनाउन जरुरी छ । यसका लागि हरेक वडामा शुरुमा एउटा नमुना घर बनाउन र अन्य घर बनाउँदा त्यसलाई अनुकरण गर्न जरुरी छ। प्रभावित क्षेत्रबाट काठमाडौ फर्किनु अघि भिन्न दुई पालिकामा हामीले दुइवटा नमुना घर बनाएर पीडितलाई हस्तान्तरण समेत गरेका छौं । अन्य मोडल को निर्माणसँगै ११ जनाको समुहले ६ घण्टामा ४० हजार भन्दा कम रकममा बनाउन सकिने ती दुवै घर पनि नमुनाका लागि उपयुक्त हुनसक्छन् भन्ने हाम्रो ठम्याइ छ ।

६) भुकम्प प्रभावित क्षेत्रमा आंशिक क्षतिग्रस्त भनिएका/ देखिएका घरहरु मध्ये केही बाहेक प्राय बस्न मिल्ने अवस्थामा छैनन् । यसरी हेर्दा भुकम्प प्रभावित क्षेत्रमा ठूलो संख्यामा सुरक्षित र सम्मानजनक ढंगले बस्न मिल्ने आवास बनाउनु पर्ने देखिन्छ । यसका लागि ०७२ माझैं निश्चित रकम सबैलाई सरकारले उपलब्ध गराउनु पर्दछ भने आफ्नो रुचिको आकारमा निर्माण गर्न चाहनेका लागि बैंकिङ प्रक्रिया मार्फत सफ्ट लोनको सहजीकरण गर्ने निर्णय सरकारले गर्नुपर्ने आग्रह र माग गर्दछौं।

७) राहतदेखि अस्थायी आवासहुँदै पुनर्निर्माणसम्म पुग्दा अर्बौं रुपैयाँ खर्च हुने देखिन्छ । दाताहरूको सहयोग प्रतीक्षा र परिचालनसँगै 'सांसद विकास कोष' का रूपमा परिचीत कार्यक्रमका लागि गत बजेटमा सरकारले छुट्याएको ८ अर्ब बढिको रकम सम्मानित सर्वोच्च अदालतले कार्यान्वयनमा रोक लगाएका कारण जो फ्रीज जस्तै अवस्थामा छ, सो रकमको सर्वोत्तम उपयोग सरकारले भुकम्प प्रभावित क्षेत्रको पुनर्निर्माणमा लगाउन जोडदार माग गर्दछौं ।

८) अस्थायी आवास निर्माणको कामसंगै विपतपछीको पुनर्निर्माण र पुनःस्थापनाको आवश्यकता पहिचान (PDNA) को काम पनि अविलम्ब शुरु गर्नुपर्छ। यसकालागि प्रादेशिक योजना आयोगलाई जिम्मेवारी दिनु उपयुक्त हुन्छ। प्रादेशिक योजना आयोगलाई राष्ट्रिय योजना आयोग र विपत प्राधिकरण ले मार्गदर्शन र आवश्यक सहयोग पुऱ्याउनु पर्छ। मंसिर महिनाभित्र PDNA को काम सकेर, कार्यान्वयन पुर्व थप जोडका लागि कर्णालीमानै पुनर्निर्माण बृहत सम्मेलन आयोजना गर्नु उपयुक्त हुन्छ


९) भूकम्पबाट दर्जनौं स्वास्थ्य संस्थामा क्षति पुगेको छ । यसले नियमित स्वास्थ्य सेवा प्रवाहमा समेत कठिनाई पुगेको देखियो । भूकम्पमा घाइते भएकाको सम्पुर्ण उपचारमा पर्याप्त ध्यान केन्द्रित गर्नुपर्ने त छँदैछ, सँगसँगै अन्य बिरामीले सहज उपचार पाउने वातावरण निर्माण गर्न खोप, पोषण, प्रसुती सेवा लगायतका नियमित, अत्यावश्यक तथा आकस्मिक सेवाहरू प्रभावित हुन नदिन र मनोसामाजिक परामर्श समेतका लागि विज्ञसंगको समन्वयमा छुट्टै र बिशेष संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ । गर्भवती महिला, जेष्ठ नागरिक, बालबालिका , नियमित औषधि खानुपर्ने विरामी तथा जोखिममा रहेका नागरिकलाई त्यसले सहज बनाउन सक्नेछ। प्रभावित बस्तीमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने देखिन्छ। कुनैपनि बेला Disease outbreak को संभावना दृस्टिगत गरेर सरकारले पूर्व सतर्कता र पुर्ण सतर्कता ।

१०) जाजरकोट र रुकुम पश्चिममा सयौं विद्यालय पूर्णरुपमा क्षति भएको र विद्यालयहरु बन्द छन् । २०७२ सालको भूकम्पले हामीलाई सिकाएको छ यस्तोबेलामा विद्यालय पुनर्निर्माण नहुँदासम्म विद्यार्थीको सिकाई प्रभावित हुन नदिन Temporary learning center निर्माण र संचालन गर्नुपर्दछ र बैकल्पिक सिकाई प्रारम्भ गर्नुपर्छ । यसका लागि कर्णाली प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक स्रोत साधन उपलब्ध गराई विद्यार्थीको सिकाई प्रभावित नहुनेगरी पठनपाठन सुचारु भएको सुनिश्चितता गर्नुपर्दछ ।

११) भूकम्पका कारण साना तथा मध्यम व्यापार, व्यवसाय गर्ने व्यवसायी गम्भीर आर्थिक मारमा परेका छन् । औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक आर्थिक कठिनाईबाट गुज्रीनुपर्ने अवस्था सिर्जना भएको छ । व्यवसायी र व्यवसायको संरक्षण एवं श्रमिकहरुलाई सहयोग पुग्ने गरि उच्च प्राथमिकता साथ आर्थिक उत्प्रेरणाको कार्यक्रम ल्याउन आवश्यक छ । व्यवसाय क्षती भएका व्यक्तिलाई पुनर्स्थापनामा सघाउन सरकारले रास्ट्र बैंकसँगको समन्वयमा सहज बैंकिङ ऋणको व्यवस्था र ऋणको सावाँ र ब्याज चुक्ता गर्न निश्चित समयावधि थप गर्नुपर्दछ ।

अपेक्षा राखेका छौं सरकारले यी सुझावहरुलाई गहिरोसँग आत्मसात गरेर गम्भीरतापुर्वक कार्यान्वयन गर्नेछ । यसका लागि नेपाली काँग्रेस सरकारको साथमा सम्पुर्ण सक्रियता साथ रहनेछ ।जय नेपाल ।

# केराखेती मासेर फूलखेती, दिनमै ७ क्विन्टल बिक्री



नारायणगढ (चितवन) / चितवनको कालिका नगरपालिका-१ का किसानले केराखेती मासेर फूलखेती गर्न थालेका छन् । वडा नं १ लङ्कालाइनका किसान महेन्द्रप्रसाद पौडेल र चेकमान वाइबाले केराखेती गरिँदै आएको जग्गामा संयुक्त रुपमा फूलखेती थालेका हुन् ।

तीन बिघा क्षेत्रफलमा लगाइएको केराखेती मासेर व्यावसायिक सयपत्री फूलखेती थालिएको पौडेलले बताए । विगतका वर्षमा करोडौंको फूल विदेशबाट आयात भएको देखेर देशलाई फूलमा आत्मनिर्भर बनाउन केही सहयोग पुगोस् भन्ने उद्देश्यका साथ फूलखेती गरिएको उनको भनाइ छ ।कालिका-५ का स्थानीय बासिन्दा पौडेल एक प्राङ्गारिक कृषिको अभियन्तासमेत हुन् । उनले योसँगै अन्य स्थानमा विभिन्न तरकारी तथा फलफूलको प्राङ्गारिक खेती गर्दै आएका छन् । 'विगतमा केराखेती गरिँदै आएको जग्गा भाडामा लिएर यस वर्ष सयपत्री फूलको खेती गरेका हौँ', उनले भने, 'स्थानीयस्तरमा विदेशी फूलको आयात रोकिएमा हामीले यसबाट सोचेजस्तो आम्दानी लिन सक्छौं ।'उन्नति कृषि फार्ममार्फत उनीहरुले ६० हजार सयपत्री फूलका बिरुवा रोपेका छन् । किसान पौडेलले भने, 'राम्रो बजारीकरण हुनसकेमा एउटा बिरुवाबाट हामीले ३० देखि ४० रुपैयाँसम्म लिन सक्छौं ।' दुई जना मिलेर फूलखेती सुरु गरेका उनीहरुले सुरुमा जनही पाँच लाख ५० हजार रुपैयाँ लगानी भएको बताए । यसवर्षको फूल खेतीबाट १५ लाख रुपैयाँ आम्दानी हुने आशा उनीहरुको छ । 'पहिला केराखेती गर्दा रासायनिक विषादीको प्रयोगले जग्गा बिग्रेको थियो । यसलाई विस्तारै सुधार्दै प्राङ्गारिकतर्फ लैजाने योजना छ', पौडेलले भने ।

रत्ननगर नगरपालिका-१५ घर भएका कृषक वाइबाले यहाँ उत्पादन भएका फूल काठमाडौं, पोखरा, बुटवललगायत सहरमा निर्यात गरिने बताए । वाइबाले स्थानीय पालिकाले केहीमात्रामा बजारीकरण तथा खेतीमा सहयोग गरेको जानकारी दिए । 'हाल दैनिक सात/आठ क्विन्टल फूलको बिक्री हुँदै आएको छ', उनले भने । हालसम्मको बिक्रीले लगानी सुरक्षित भइसकेको बताउँदै वाइबाले अब दुई/तीन दिनको बिक्रीबाट हुने आम्दानीबाट नाफा मिल्ने बताए ।

# तिहार आएसँगै सयपत्री फूलको माला किन्नेहरुको भीड



काठमाडौँ / नेपालीहरुको दोस्रो ठूलो चाड तिहार आजदेखि विधिवत रुपमा शुरु भएको छ । तिहार शुरु भएसँगै सयपत्री फूलको माला बिक्री वितरणसमेत शुरु भएको छ । कालीमाटी, न्युरोड लगायतका स्थानमा सयपत्री फूलको बिक्री वितरण उल्लेख्य रहेको छ ।

विशेषगरी आजदेखि लक्ष्मी पूजाको दिनसम्म बढी बिक्री वितरण हुने गर्दछ । घरको झ्याल ढोकामा लगाउनका लागि गाउँ-गाउँबाट सयपत्रीको माला काठमाडौं उपत्यकामा भित्रिएको छ ।

केहीवर्ष अघिसम्म मुख्यगरी तिहारमा प्रयोग हुने सयपत्री, मखमली र गोदावरी फूलमध्ये सयपत्री भारतबाट आयात गर्नुपर्ने अवस्था थियो । तर पछिल्लो वर्षहरुमा भने नेपाल सयपत्री फूलमा आत्मनिर्भर हुँदै आएको छ । मखमली, गोदावरी र सयपत्री स्वदेशमै पर्याप्त मात्रामा उत्पादन हुन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुर गोल्डकप आयोजनाको ९ महिनापछि हिसाब सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ प्रतियोगिता आयोजना गरेको ९ महिनापछि जिल्ला फुटबल संघ मकवानपुरले आयव्यय (हिसाब) सार्वजनिक गरेको छ ।

संघको आयोजनामा हेटौंडा उपमहानगरपालिका-५, पिप्लेस्थित क्याम्पा रंगशालामा २०७९ माघ २८ गतेदेखि फागुन १० गतेसम्म 'स्थानीय तह सहिद स्मृति पाँचौ मकवानपुर अन्तराष्ट्रिय फुटबल प्रतियोगिता-२०७९' भएको थियो । माघमा भएको प्रतियोगिताको आयव्यय शनिबार पत्रकार सम्मेलन गरेर जानकारी दिइएको हो । यसअघि फुटबल संघका अध्यक्ष टीकाराम लामाले प्रतियोगिता आयोजना भएको एक महिनाभित्रै हिसाब सार्वजनिक गर्ने प्रतिबद्धता जनाएका थिए ।



प्रतियोगितामा करिब १ करोड २१ लाख ३३ हजार रुपैयाँ आम्दानी भएको संघले जानकारी दिएको छ । प्रतियोगितामा १ करोड १९ लाख २२ हजार रुपैयाँ खर्च भएको तथा करिब २ लाख १० हजार रुपैयाँ बचत भएको संघ अध्यक्ष लामाले जानकारी दिए । प्रतियोगिताका लागि प्रदेश खेलकुद विकास समितिले ५० लाख, हेटौंडा उपमहानगरपालिकाबाट २५ लाख, टिकटबाट ९ लाख ९१ हजार रुपैयाँ, विभिन्न गाउँपालिकाबाट २५ लाख ६९ हजार रुपैयाँ तथा हेटौंडा स्कुल अफ म्यानेजेमन्टले ६ लाख ९० हजार रुपैयाँ सहयोग गरेको लामाले बताए ।

प्रतियोगिताको विजेताले १५ लाख, उपविजेताले १० लाख, सर्वोत्कृष्ट खेलाडीलाई ६ लाख ९० हजार रुपैयाँ बराबरको बुलेट बाइक तथा खेलाडीको टीएडीए, यातायातमा ३२ लाख रुपैयाँ खर्च भएको संघले जनाएको छ । पाँचौ संस्करणको स्थानीय तह सहिद स्मृति अन्तराष्ट्रिय फुटबल प्रतियोगिता-२०७९ को उपाधि मनाङ मर्स्याङ्दी क्लबले हात पारेको थियो । मनाङले हिमालयन शेर्पा क्लबलाई पराजित गर्दै जित निकालेको थियो । २०६४ सालबाट सुरु भएको गोल्डकपको पहिलो संस्करणको उपाधि थ्रीस्टार क्लबले जितेको थियो । त्यसपछि नियमित हुन नसकेको यस प्रतियोगितालाई २०७६ सालबाट पुन: निरन्तरता दिइएको थियो ।

प्रतियोगिताको दोस्रो संस्करणको उपाधि घरेलु टोली मकवानपुर-११ ले जितेको थियो । २०७७ मा भएको तेस्रो संस्करण र २०७९ जेठमा भएको चौथो संस्करणको उपाधि त्रिभुवन आर्मी फुटबल क्लबले जितेको थियो । छैठौं संस्करणको स्थानीय तह सहिद स्मृति मकवानपुर अन्तराष्ट्रिय फुटबल प्रतियोगिता-२०८० आयोजनाको तयारीमा संघ जुटेको छ । संघ अध्यक्ष लामाले छैटौं संस्करणको प्रतियोगिता पुस महिनाभित्र गर्ने तयारी भइरहेको जानकारी दिए । मकवानपुरमा जिल्ला लिग भने ४ वर्षदेखि आयोजना हुन सकेका छैन ।

## 'संघीय सरकारबाटै स्थानीय र प्रदेशलाई अधिकार दिन आलटाल'

काठमाडौं, २५ कात्तिक/ संविधानसभाले २०७२ सालमा जारी गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीअन्तर्गत् दुईवटा निर्वाचन भए । तीन तहकै सरकारले पहिलो पाँच वर्षे कार्यकाल पूरामात्रै गरेका छैनन्, दोस्रो कार्याकालको पनि एक वर्ष गुजार्न लागे । तर, संविधानअनुसार कैयन विषयमा राज्यशक्तिको बाँडफाँट गर्ने गरी कानुन बन्न सकेका छैनन् ।

संविधानको धारा ५७ ले संघ, प्रदेश र स्थानीय तहमा राज्य शक्ति बाँडफाँट गरेको छ । संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार र साझा अधिकार संविधानको अनुसूचीमा छ । जस अनुसार संघको ३५ वटा विषयमा एकल अधिकार, प्रदेशको २१ वटा एकल अधिकार, स्थानीय तहको २२ वटा एकल अधिकार, संघ र प्रदेशले २५ वटा साझा अधिकार र संघ, प्रदेश र स्थानीय तहले १५ वटा साझा अधिकार प्रयोग गर्न पाउँछन् वा सक्दछन् ।

'तर, संविधानले व्यवस्था गरेको सामाजिक, साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत क्षेत्र कायम गर्ने भनी गरेको व्यवस्था र राज्यशक्ति बाँडफाँटको व्यवस्था भने पूर्णत: लागू हुन सकेको छैन्', संघीय संसद् र सातवटै प्रदेश सभाको संयुक्त स्विकारोक्ति छ ।

# मनहरी-९ नम्बर वडा कार्यालयको नयाँ भवन उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाको ९ नम्बर वडा कार्यालयले अब आफ्नै भवनबाट सेवा प्रबाह गरेको छ । नवनिर्मित कार्यालय भवनको बिहीबार उद्घाटन गरिएसँगै आफ्नै भवनबाट सेवा सुरु गरेको हो ।



नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले नवनिर्मित वडा कार्यालयको भवन उद्घाटन गरेका हुन् । रत्नकुमारी एण्ड सन्स हेटौंडाले ७९ लाख ११ हजार ८ सय ३६ रुपैयाँ ६८ पैसामा साढे २ तले भवन निर्माण कार्य सम्पन्न गरेको हो । स्थानीय दुवमाया कालाखेतीले आफ्नो स्वर्गीय श्रीमानको स्मृतिमा उपलब्ध गराएको एक कठ्ठा १२ धुर जग्गामा वडा कार्यालय भवन निर्माण भएको वडाअध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिए । भवन निर्माणका लागि २०७६ माघ १ गते बोलपत्र आव्हान भएको थियो ।

एक करोड ३३ लाख ९० हजार रुपैयाँको स्टमेट गरिएकोमा ८८ लाख ८५ हजार ६६ रुपैयाँ ८० पैसामा ठेक्का लागेको थियो । नवनिर्मित भवनको ६ वटा अफिस कोठासहित एउटा हल, गेष्ट रुम, किचन र शौचालय रहेको छ । वडाअध्यक्ष श्रेष्ठले नयाँ भवनबाट थप गुणस्तरीय सेवा प्रदान गर्न सहज हुने विश्वास व्यक्त गरे । कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य बानियाँले व्यवस्थालाई कमजोर बनाउनेहरु सक्रिय हुन थालेको भन्दै अब जनताको अवस्था परिवर्तन हुन नदिनेहरु चिन्न जरुरी रहेको धारणा राखे । जनप्रतिनिधिलाई उनले सेवामुखी काम गर्न सुझाव दिए ।

मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले अब मनहरी गाउँपालिकाको एउटा मात्रै वडाको भवन निर्माण हुन बाँकी रहेको जानकारी दिँदै मनहरी-४ को पनि तिहारपछि ठेक्का लाग्ने बताए । उनले जनप्रतिनिधिलाई सेवा प्रवाहमा ध्यान दिन अनुरोध गर्दै आवश्यक सहयोगका लागि गाउँपालिका तयार रहेको बताए । मनहरी गाउँपालिकाले गरेको काम जनताले महसुस गर्न थालेका दावी गर्दै अध्यक्ष कालाखेतीले नि:शुल्क स्वास्थ्यबीमा र छात्रवृत्ति कार्यक्रम प्रभावकारी भएको बताए ।

कार्यक्रममा जग्गादाता कालाखेतीलाई सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । कार्यक्रममा मनहरी-८ का वडाअध्यक्ष नारायण उप्रेती, ९ नम्बरका निवर्तमान वडाअध्यक्ष साधुराम अधिकारी, वडासदस्य गुप्तबहादुर थापा लगायतले मन्तव्य व्यक्त गरेका थिए । मनहरी-४ को वडा कार्यालयको भवन निर्माण हुनु नसक्नुको प्रमुख कारण जग्गा छनोट हुन नसकेको र वडा कार्यालय कहाँ निर्माण गर्ने ? भन्ने बिषयमा पनि सहमति नजुटेको बताइएको छ ।

## विचौलियाले अस्पताललाई बदनाम गरिरहेका छन् : मन्त्री बस्नेत

काठमाडौं, २५ कात्तिक/ स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले अस्पताल भित्रकै बिचौलियाले अस्पताललाई बदनाम गरिरहेका बताएका छन् । वीर अस्पताल सरसफाइ अभियानको शुभारम्भ गर्दै मन्त्री बस्नेतले अस्पतालको तलब खाने तर व्यक्तिगत स्वार्थ पूरा नभएपछि अस्पताललाई नै गालीगलौज गरी बद्नाम गर्ने, सञ्चारमाध्यममा गलत समाचार लेखाउन लगाउने अस्पताल भित्रैकै विचौलिया भएको बताए ।

'केही स्वार्थी कर्मचारी र विचौलियाले अस्पतालको बद्नाम गरिरहेका छन् । उनीहरुले आफ्नो स्वार्थ पूरा गर्न केही कर्मचारीलाई उचालिरहेकाले यसतर्फ सबै सजक रहन जरुरी छ', उनले भने । वीर अस्पताललाई नमूना अस्पतालका रुपमा विकास गर्न सबै मिलेर अगाडि बढ्नुपर्नेमा मन्त्री बस्नेतले जोड दिए ।

कार्यक्रममा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालका उपकुलपति प्राडा भूपेन्द्र बस्नेतले तिहारका बेला अरु ठाउँ सफा सुग्घर र झिलीमिली बनाए जस्तै अस्पतालमा पनि सरसफाइ अभियानको सुरुआत गरिएको बताए । यो कार्यले निरन्तरता पाउने उनको भनाइ थियो ।

वीर अस्पतालका निर्देशक डा.सन्तोष पौडेलले विभिन्न समूह बनाएर अस्पताल सरसफाइ अभियान थालिएको जानकारी दिए ।

# आयोजक सूर्यकिरणले जित्यो वडाअध्यक्ष कपको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ मनहरी गाउँपालिका-५ मा भएको दोस्रो वडाअध्यक्ष कप नकआउट फुटबल प्रतियेगिताको उपाधि आयोजक सूर्यकिरण युवा क्लवले हात पारेको छ ।

बसन्तपुरस्थित राप्ती खेलमैदानमा शुक्रबार भएको फाइनल खेलको निर्धारित समयमा गोल गर्न नसकेपछि पेनाल्टी सुटआउटबाट ४-२ गोल अन्तरले ऋषेश्वर टोल विकास संस्था 'ए' लाई पराजित गर्दै आयोजक सूर्यकिरण युवा क्लवले उपाधि हात पारेको हो । विजेता टोलि सूर्यकिरण युवा क्लवले नगद ३० हजार रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।




उपविजेता ऋषेश्वर टोल विकास संस्था 'ए' ले नगद २० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । फाइनल खेलमा म्यान अफ द म्याच सूर्यकिरणको गोलरक्षक रुपेश स्याङतान भएका छन् । संविधानसभा सदस्य राजाराम स्याङतानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा ५ नम्बर वडाअध्यक्ष दीपेन्द्र अधिकारी, नेकपा माओवादी केन्द्र मनहरी गाउँ कमिटी अध्यक्ष रामप्रसाद कालाखेती, नेपाली कांग्रेस मनहरी उपसभापति उत्तमबहादुर थापा, मनहरी गाउँपालिका खेलकुद विकास समिति सदस्य कविन दर्लामी मगर, ईलाका प्रहरी कार्यालय नेवारपानीका प्रमुख रामशरण दुलालगायतको आतिथ्यता रहेको थियो ।

त्यस्तै नेकपा माओवादी केन्द्र ५ नम्बर वडाअध्यक्ष मीनबहादुर लामा, बसन्तपुर टोल विकास संस्थाको अध्यक्ष गजाधर सुबेदी, ऋषेश्वर टोल विकास संस्थाका अध्यक्ष नवराज उप्रेती, चुरियामाई टोल विकास संस्थाको अध्यक्ष कुमार राना, शिखर टोल विकास संस्थाका अध्यक्ष वीरबहादुर रुम्बा, दुग्धेश्वर टोल विकास संस्थाका अध्यक्ष लालबहादुर स्याङतान, लोकप्रिय वन उपभोक्ताको अध्यक्ष दलबहादुर स्याङतानलगायत, वडासदस्यहरु, स्थानीय बुद्धिजीवी, समाजसेवीको आतिथ्यता रहेको थियो। कार्यक्रम क्लवका सचिव मिलन ढुंगानाको सभाध्यक्षतामा भएको थियो ।

५ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा वडास्तरीय खेलकुद विकास समितिको समन्वय तथा सूर्यकिरण युवा क्लबको आयोजनामा टोलस्तरीय दोस्रो वडाअध्यक्ष कप नकआउट फुटबल प्रतियोगितामा आयोजक सहित पाँच टोल विकास संस्थाबाट ९ टिम सहभागी थियो ।

## अटो दुर्घटनामा एकजना घाइते

हेटौंडा, २५ कात्तिक/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५ मा अटो दुर्घटना हुँदा एकजना गम्भीर घाइते भएका छन् । घाइते हुनेमा स्थानीय ३३ बर्षीय लक्ष्मण स्याङ्तान रहेका छन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार हेटौंडा बजारबाट आफ्नै घरमा गएर अटो पार्किङ गर्ने क्रममा ब्याक गर्न खोज्दा अटो दुर्घटना भएको हो । अटो करिब ६० मिटर तल खसेको प्रहरीले जनाएको छ । घाइते स्याङ्तानको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# हिमचुली कृषि सहकारीको साधारणसभा



हेटौंडा, २५ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१६ मा रहेको हिमचुली कृषि सहकारी संस्थाको १७ औ साधारणसभा शनिवार भएको छ । हेटौडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्ता तथा संस्थाका अध्यक्ष कृष्णप्रसाद पनेरुको सभाध्यक्षतामा सभा भएको हो ।

सभालाई सम्बोधन गर्दै उपप्रमुख बानियाँले किसानले मलका लिनका लागि पाउँदै आएको दु:ख अब हेटौंडा उपमहानगरले चाडै नै सहजता गराउने जानकारी दिए । केही कृषि सहकारीको बदमासीका कारण किसानले सहजताका साथ मल बीउ आदि नपाएकाले बदमासी गर्ने कृषि सहकारीको अनुगमन गरी कृषकलाई सहज बनाउँने उनले बताए ।

सभामा १६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइराला, आधुनिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद सापकोटा, वडासदस्य गुरुप्रसाद ढकाल, चेतनशील दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष महेश ढकाल लगायतले शुभकामना दिएका थिए । सभामा अध्यक्षको प्रतिवेदन सहकारीका अध्यक्ष पनेरुले प्रस्तुत गरेका थिए भने प्रगति प्रतिवेदन संस्थाका सचिव ठाकुरप्रसाद नेपालले प्रस्तुत गरेका थिए । संस्थाले आव २०७९/८० मा ७४ लाख ७७ हजार कारोवार गरेको छ ।

## बकैयामा आगलागीबाट जलेर घर नष्ट

हेटौंडा, २५ कात्तिक/मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिका-११ मा मोरङ्गे बेशीस्थित एक घरमा आगलागी हुँदा जलेर घर नष्ट भएको छ ।

शुक्रवार दिउँसो स्थानीय सुवास बमजनको खरले छाएको भुँईतले कच्ची घरमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार, बालबालिकाले लाईटर बाली खेल्ने क्रममा आगलागी भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । आगलागीका कारण घर र घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाँडाकुँडा जलेर पूर्णरुपमा नष्ट भएको मकवानपुर प्रहरीले जनाएको छ । आगलागीबाट मानवीय क्षति भने नभएको डिएसपी भण्डारीले बताए ।


हार्दिक शुभकामना

शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पार्वती बर्तौला (अध्यक्ष) एवम्
राजदेवी महिला बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार
हेटौंडा-३, मकवानपुर



हार्दिक शुभकामना

शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सविना बिडारी (अध्यक्ष) एवम्
परिवर्तन बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा-३, मकवानपुर



स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौ

कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,
☞ स्वास्थ्य संस्थामा आगजनी गर्नु
☞ स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पुऱ्याउनु
☞ स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत् कर्मचारीलाई कुटपिट गर्नुतथा चोट पुऱ्याउनु धम्की दिनु गाली-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु
☞ स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु
☞ स्वास्थ्य संस्थालेप्रदान गर्नेउपचार सेवामा बाधा पुऱ्याउनु

यस्ता कार्यहरु कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



हार्दिक शुभकामना


शुभ दिपावली,
नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार
थाहा नगरपालिका
मकवानपुर



जय शिव शम्भो

धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

सम्पर्क:
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना